म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १० शनिबार, २४ साउन २०८२ ने. सं. ११४५ गुल्लाथ्व 9 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

☞ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

**यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

☞ घर वरिपरी पानी जम्न नदिऔं,
☞ घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
☞ गोठ तथा खोर घरभन्दा टाढा राखौं,
☞ पुरा बाहुला भएको कपडा लगाऔं,
☞ सुत्दा झुल लगाएर मात्र सुतौं,
☞ झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

*"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड

### सभामुखद्वारा साउन २७ गते अपरान्ह ४ बजेको लागि प्रदेशसभा बैठक आह्वान

# मुख्यमन्त्री बानियाँले २७ गते विश्वासको मत लिने

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले विश्वासको मत लिने भएका छन् ।

साउन २० गते प्रदेशको छेठौं मुख्यमन्त्रीको रुपमा नियुक्त भएका बानियाँले साउन २७ गते मंगलबार नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम विश्वासको मत लिने भएका हुन् ।



बानियाँले बागमती प्रदेशसभाको बैठकमा विश्वासको मत प्राप्त गर्ने प्रस्ताव पेश गरेकोले सभामुख भुवनकुमार पाठकबाट २७ गते दिउँसो ४ बजे प्रदेशसभा बैठक आह्वान गरेको प्रदेशसभा सचिवालयका सभासचिव रामकुमार पौडेलले जानकारी दिए । मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । साउन २६ गते सोमबार दिउँसो ३ बजेको लागि सभामुख पाठकले कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरेका छन् । बानियाँ नेपाली कांग्रेसको ३७ र नेकपा एमालेको २७ गरी ६४ सांसदको समर्थनमा १९ साउनमा दाबी पेश गरेसँगै प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले २० साउनमा मुख्यमन्त्री नियुक्त गरेका थिए । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ ।

बानियाँले आफ्नै दलका नेता बहादुरसिंह लामामाथि संसदीय दलमा अविश्वास प्रस्ताव राखेर पारित गर्दै दल नेताको निर्वाचनमा लामालाई पराजित गरेर दलनेता बनेका थिए । दलको नेता बनेर पार्टीको दवावसहित लामालाई मुख्यमन्त्री पदबाट राजीनामा दिन बाध्यपारेका उनले साउन २० मा सत्ताको बागडोर सम्हाल्दै साउन १२ मा एक विनाविभागीय मन्त्रीसहित कांग्रेसका २ र एमालेका ६ मन्त्री सरकारमा सहभागी गराएका छन् । १४ मन्त्रालय रहेको बागमती प्रदेशमा गठबन्धन दलबीच एमालेले ६ र कांग्रेसले मुख्यमन्त्रीसहित ८ मन्त्रालय पाउने भागबन्डा रहेको छ ।

अन्य ६ मन्त्रालयको जिम्मा बानियाँको काँधमा कायमै रहेको छ । सरकारलाई पूर्णता दिनुपूर्व नै उनी विश्वासको मत लिने तयारीमा जुटेका हुन् । एमालेबाट ललितपुरका मधुसुदन पौडेल, कृषि तथा पशुपंक्षी विकास मन्त्री, स्वास्थ्य मन्त्रीमा किरण थापामगर, श्रम, रोजगार तथा यातायात मन्त्रीमा काठमाडौंका जयराम थापा, वन तथा वातावरणमन्त्रीमा दोलखाका भरतबहादुर केसी, भौतिक पूर्वाधार विकासमन्त्रीमा काठमाडौंका डा. दिनेशचन्द्र देवकोटा र उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्रीमा काठमाडौंकै विन्दु श्रेष्ठ रहेका छन् ।

कांग्रेसबाट धादिङका शिवराज अधिकारीलाई विनाविभागीय मन्त्रीको रुपमा नियुक्त गरिएको छ भने सिन्धुपाल्चोकका कृष्ण तामाङलाई खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयको जिम्मेवारी प्रदान गरिएको छ । साउन २० गते बहादुर पक्षका सांसदलाई मन्त्री नियुक्त नगरेको भन्दै कांग्रेसभित्र बहादुरपक्ष असन्तुष्ट छ । निवर्तमान मुख्यमन्त्री लामाले साउन १४ गते मन्त्री नियुक्त गरेर पनि सपथलिन नपाएका गोविन्द लम्साल, माया श्रेष्ठ र गीता गुरुङलाई बानियाँले पहिलोचरणमै मन्त्री बनाउनुपर्ने कांग्रेस सभापति शेर बहादुर देउवासँग भएको सहमति पालना नगरेको भन्दै पूर्वमुख्यमन्त्री लामाले असन्तुष्टि पोखेका थिए ।

मुख्यमन्त्री बानियाँले प्रदेश सरकार चलाउन ८ महिनासम्म मात्रै समय पाउनेछन् । एकवर्षअघि ९ साउन ०८१ मा नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकार गठन हुँदा नै सरकारको नेतृत्व २०-२० महिना सञ्चालन गर्ने सहमति थियो । दुई दलबीचको पूर्वसहमतिअनुसार कांग्रेसले अब ८ महिना मात्रै सरकार चलाउन पाउनेछ । बागमती प्रदेशमा नेपाली कांग्रेसका ३७, नेकपा एमालेका २७, नेकपा (माओवादी केन्द्र) का २१, राप्रपाका १३, नेकपा (एकीकृत समाजवादी) का ७, नेपाल मजदुर किसान पार्टीका ३ र हाम्रो नेपाल पार्टीका २ जना सांसद् छन् ।

# हेटौंडा-१३ की क्यान्सरपीडितलाई सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ हेटौंडा-१३ निवासी स्तन क्यान्सर पीडित पातलीमाया थिङलाई ३ लाख ८१ हजार रुपैयाँ बराबरको आर्थिक सहयोग हस्तान्तरण गरिएको छ ।

हेटौंडा-१३ स्थित कालिका मावि व्यवस्थापन समिति अध्यक्ष महिलाउद्यमी तथा सामाजिक अभियन्ता संगीता वाइबाको अगुवाइमा सञ्चालन गरिएको एकमहिने सहयोग अभियानमार्फत् संकलित रकम शुक्रबार पीडित थिङलाई प्रदान गरिएको हो । वाइबाको सक्रियताबाट प्रेरित भएर सञ्चालन गरिएको अभियानले सामाजिक उत्तरदायित्वको उत्कृष्ठ उदाहरण प्रस्तुत गरेको छ । कार्यक्रममा हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामा, समाजसेवी फेन्चु रुम्बालगायतको उपस्थिति रहेको थियो ।

विगत पाँच वर्षदेखि पातलीमायाको उपचारमा साथ दिँदै आएकी वाइबाले क्यान्सरको दीर्घकालीन उपचार खर्च थाम्न नसक्ने अवस्थामा पुगेपछि सामाजिक सञ्जाललाई माध्यम बनाएर सहयोगको अपिल गरेकी थिइन् । उनका अनुसार पातलीमायाले सरकारले प्रदान गर्ने सेवासुविधा केही हदसम्म पाएकी भए पनि पछिल्लो चरणको उपचार निकै महँगो भएकाले आर्थिक कठिनाइ बढेको थियो । सामाजिक सञ्जालमा अपीलमार्फत वाइबाले देशभित्र र विदेशमा रहेका नेपाली मनहरुलाई छुने शब्दमार्फत् सहयोग जुटाएको हो ।

वडाअध्यक्ष लामाले संगीता वाइबाले जुनप्रकारले सामाजिक सञ्जालको सदुपयोग गर्दै जीवन जोगाउने काम गरेकी छन्, त्यो आजको समाजमा अत्यन्तै प्रेरणादायी रहेको बताएका छन् । समाजसेवी रुम्बाले पनि सहयोग अभियानले समुदायमा सेवा र सहानुभूतिको भावनालाई झन् मजबुत बनाएको बताए । सहयोग प्राप्त गरेकी पातलीमाया निकै भावुक थिइन् । उनले आफूजस्ता साधारण नागरिकको जीवन र मृत्युको दोसाँधमा साथ दिनेहरुप्रति गहिरो कृतज्ञता व्यक्त गरिन् ।







यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# टिकटक्ले नेपालमा यौन दुर्व्यवहारसम्बन्धी जनचेतना जगाउन सुरु गर्‍यो 'सर्च गाइड'

टिकटकले शुक्रबारदेखि नेपालमा नयाँ 'सर्च गाइड' सार्वजनिक गरेको छ । यो फिचरको उद्देश्य यौन दुर्व्यवहारको जोखिममा परेका वा त्यसबाट प्रभावित प्रयोगकर्तालाई समयमै सहयोग प्रदान गर्नु हो । टिकटकले यो सुविधालाई प्लाटफर्मको समग्र सुरक्षा अभियानको हिस्सा रहेको बताएको छ, जसको उद्देश्य प्रयोगकर्तालाई सुरक्षित, सहयोगी र जानकारीमूलक वातावरण प्रदान गर्नु हो ।




अबदेखि नेपालका प्रयोगकर्ताहरूले 'सेक्सअुल असल्ट, अब्युज हटलाइन, मी टू'जस्ता यौन दुर्व्यवहारसम्बन्धी शब्दहरू खोज्दा, उनीहरूलाई स्थानीय हेल्पलाइन नम्बर र टिकटकको सेफ्टी सेन्टरभित्रको सेक्सुअल अब्युज सपोर्ट पेजमा लैजाने विशेष सूचना देखाइनेछ । उक्त पेजमा शैक्षिक सामग्री, उजुरी गर्ने तरिका र प्रोफेसनल सपोर्ट सर्भिसको लिङ्क उपलब्ध गराइएको छ ।

'टिकटकमा प्रयोगकर्ताको सुरक्षा हाम्रो पहिलो प्राथमिकता हो' टिकटकका 'ट्रस्ट एन्ड सेफ्टी' विभागका आउटरीच तथा पार्टनर सिप म्यानेजर वास्कितो जटीले भने, 'हामीलाई थाहा छ, कठिन परिस्थितिमा धेरै प्रयोगकर्ता अनलाइन प्लेटफर्ममा जान्छन् । त्यसैले हामीले अग्रसर भएर सहयोगका विकल्प देखाउन थालेका छौं, जसले पीडितलाई आवश्यक सहयोगतर्फ डोऱ्याउने र टिकटकको यौन दुर्व्यवहारप्रति शून्य सहनशीलताको नीतिलाई बलियो बनाउनेछ ।'

सेफ्टी सेन्टरमा रहेको सेक्सुअल अब्युज सपोर्ट पेजले यौन दुर्व्यवहारका विभिन्न स्वरूपहरू, जस्तै बाल यौनशोषण सामग्री, बहकाउने व्यवहार, यौन दुर्व्यवहार र सहमति बिना गरिने यौन क्रियाकलापबारे जानकारी दिन्छ र यस्ता सामग्री उजुरी गर्ने तरिका पनि सिकाउँछ । यसले हानिकारक सामग्रीसँगको सम्पर्कबाट टाढा बस्न प्रेरित गर्छ र प्रयोगकर्ताको गोपनीयताको पूर्ण रक्षा गरिने समेत उल्लेख गर्दछ ।

यस सुविधामा टिकटकको इन-एप उजुरी प्रणालीका साथै बाहिरी उजुरीका विकल्पबारे पनि जानकारी दिइन्छ । यस पेजले पीडित र उनीहरूलाई सहयोग गर्ने व्यक्तिका लागि सहायता खोज्न सजिलो बनाएको छ । यसमा पीडितको हेरचाह, ट्रमा व्यवस्थापन र कानुनी सहयोगमा विशेष दक्षता भएका स्थानीय संस्था र अन्तर्राष्ट्रिय सहयोगदाताको खोज्न मिल्ने डेटाबेसको पहुँच समावेश गरिएको छ ।

समुदायको साथ र सशक्तिकरण खोज्नेहरूका लागि टिकटकले उपचार र पुन:स्थापनासँग सम्बन्धित ह्यासट्याग र कन्टेन्टहरूलाई पनि प्राथमिकता दिएको छ । यो पहललाई टिकटकले कम्युनिटी गाइडलाइन्स इन्फोर्समेन्ट, शैक्षिक सहकार्य र प्लेटफर्म स्तरका उपायका माध्यमबाट डिजिटल सुरक्षा र प्रयोगकर्ताको वेल-बीइंग सुधार गर्न गर्दै आएको निरन्तर प्रयासको हिस्सा रहेको बताएको छ । प्रयोगकर्तालाई सुरक्षित र सशक्त बनाउने उद्देश्यले टिकटकले विशेषज्ञ, पीडितका पक्षमा काम गर्ने समूह र मानसिक स्वास्थ्यसँग सम्बन्धित संस्थासँग सहकार्य गरिरहेको जनाएको छ ।

# च्याटजिपिटीलाई टक्कर दिने एप्पलको तयारी

आइफोन निर्माता कम्पनी एप्पलले आफ्नो एक विशेष प्रोजेक्टमा काम गरिरहेको छ, जसको उद्देश्य सर्वाधिक लोकप्रिय एआई च्याटबोटको रुपमा रहेको च्याटजिपिटीको प्रतिस्पर्धी तयार गर्नु रहेको छ । यसका लागि एप्पलले कम्पनीमा एउटा नयाँ इकाइको स्थापना गरेको छ ।

समाचार अनुसार उक्त युनिटको नाम AKI हो । यसको विस्तारित रुप चाहिँ Answers, Knowledge and Information हो । मर्क गुर्म्यानले ब्लुम्बर्गमा प्रकाशित गरेको एक रिपोर्ट अनुसार एकेआईको काम भनेको एआईमा केन्द्रित एआई च्याटबोट तयार गर्नु रहेको छ । यसको मद्दतले प्रयोगकर्ताहरुले विश्वभरका जानकारीहरु निकै सहजतापूर्वक प्राप्त गर्न सक्नेछन् ।

एप्पलको उक्त एआई च्याटबट निर्माण इकाईको टोलीलाई रोब्बी वाल्करले नेतृत्व गर्दैछन् । उनी यसअघि एप्पलको सिरी विभागको कार्यकारी भैसकेका छन् ।

सिरी एप्पलको एआई असिस्टेन्ट प्लाटफर्म हो । एप्पलको आर्टिफिसियल इन्टेलिजेन्स विभाग प्रमुखको नाम जोन गियान्नान्द्रिया हो । रोब्बी वाल्करले जोनलाई नै रिपोर्टिङ गर्नेछन् । स्मरण रहोस् एप्पलले यसअघि पनि ओपन एआईको च्याट जिपिटीलाई आफ्नो सिरीमा सामेल गरेर साझेदारी गरिसकेको छ । तर, अब भने एप्पल आफ्नै एक एआई च्याट प्लाटफर्म तयार गर्न चाहन्छ ।

समाचार अनुसार एप्पलले आफ्नो एआई रणनीतिलाई थप विस्तार गर्न गइरहेको छ । जुन पहिलेदेखि नै रहेको एप्पल इन्टेलिजेन्सभन्दा पनि अग्रणी रहनेछ । एप्पल इन्टेलिजेन्सको काम केवल Genmoji, Notification Summaries अनि Writing Suggestion सम्म मात्रै सीमित रहेको छ ।

रिपोर्ट अनुसार AKI टिमको लक्ष्य एउटा नयाँ खालको एआई सर्च अनुभव तयार गर्नु हो । उक्त प्लाटफर्म च्याट जिपिटी तथा परप्लेक्सिटी एआई जस्तै हुनेछ । एकेआई टिम एआई सर्चलाई समेत अझै समृद्ध बनाउनेमा केन्द्रित छ ।

एआई सर्च वास्तवमा एउटा यस्तो प्रविधिमा आधारित ब्राउजर वा च्याटबट हो जसले आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरेर प्रयोगकर्ताले खोजेको कुरा देखाइदिन्छ । यो विद्यमान पारम्परिक इन्टरनेट सर्च इन्जिन भन्दा निकै फरक हुन्छ । एआई सर्च अन्तरगत प्रायेगकर्ताहरुले तीव्र गतिमा ब्राउजिङ गर्न सक्दछन् र यो अन्तरक्रियात्मक पनि हुन्छ ।

**जीवनशैली/स्वास्थ्य**

# गर्भावस्थामा बिहान पैदल यात्रा गर्दा हुन्छन् यी ९ फाइदा

गर्भावस्थाको समयमा सक्रिय रहनु आमा र बच्चा दुवैको स्वास्थ्यका लागि अत्यन्तै महत्त्वपूर्ण हुन्छ । यद्यपि, यो समयमा भारी व्यायाम वा थकाउने शारीरिक गतिविधिहरूबाट बच्नुपर्छ । तर, हल्का र नियमित शारीरिक गतिविधि जस्तै: बिहानको पैदल यात्रा गर्भवती महिलाका लागि सबैभन्दा सुरक्षित र फाइदाजनक मानिन्छ ।



यो गतिविधिले शरीरलाई सक्रिय राख्नुका साथै मनोभाव सुधार्छ, निद्रा राम्रो बनाउँछ र गर्भावस्थाका सामान्य लक्षणहरू जस्तै सुन्निने, थकान र ढाड दुख्ने समस्यालाई कम गर्छ । चिकित्सकहरूले पनि गर्भावस्थामा नियमित पैदल यात्रालाई स्वस्थ अभ्यास मान्छन् ।

**१. मनोभाव परिवर्तनबाट राहत**

गर्भावस्थामा हार्मोनल परिवर्तनका कारण मनोभाव बारम्बार बदलिन्छ । बिहानको ताजा हावामा पैदल यात्रा गर्दा दिमागमा अक्सिजन पुग्छ र तनावका लक्षणहरू कम हुन्छन् । यसले मनोभाव ताजा राख्छ र डिप्रेसन वा चिन्ताको सम्भावना पनि घट्छ ।

**२. निद्राको गुणस्तर सुधार**

गर्भावस्थामा अनिद्राको समस्या सामान्य हुन्छ । बिहानको पैदल यात्राले शरीर थकित हुन्छ र मानसिक शान्ति प्राप्त हुन्छ, जसले रातमा गहिरो निद्रा लाग्छ । यसले शरीरलाई छिट्टै रिकभर गर्न मद्दत गर्छ र ऊर्जा कायम रहन्छ ।

**३. प्रसव प्रक्रिया सजिलो**

नियमित पैदल यात्राले पेल्भिक मांसपेशीहरू बलियो बनाउँछ, जसले सामान्य प्रसवको सम्भावना बढाउँछ । साथै, प्रसवको समयमा दुखाइ र समय पनि कम हुन सक्छ ।

**४. रक्तसञ्चार सुधार**

बिहानको पैदल यात्राले शरीरमा रक्तप्रवाह राम्रो हुन्छ । यसले प्लासेन्टासम्म पोषक तत्त्वहरू राम्रोसँग पुग्छन् र बच्चाको विकास सही ढंगले हुन्छ ।

**५. तौल नियन्त्रण**

गर्भावस्थामा तौल बढ्नु सामान्य हो, तर यदि यो आवश्यकताभन्दा धेरै भयो भने समस्याहरू निम्तिन सक्छन् । बिहानको पैदल यात्राले क्यालोरी खर्च गर्न मद्दत गर्छ र तौललाई नियन्त्रणमा राख्छ ।

**६. मधुमेह र रक्तचापबाट बचाउ**

बिहानको पैदल यात्राले ब्लड सुगर र रक्तचापलाई सन्तुलनमा राख्न मद्दत गर्छ । यसले गर्भावस्थामा हुने उच्च रक्तचाप वा गर्भकालीन मधुमेहको जोखिमलाई कम गर्छ ।

**७. ढाड दुखाइ र सुन्निने समस्याबाट राहत**

पैदल यात्राले शरीरमा तरल पदार्थको जमेर बस्ने समस्या हुन कम हुन्छ र रक्तप्रवाह सुन्छि, जसले खुट्टा सुन्निने र ढाड दुख्ने समस्याबाट राहत मिल्छ । यसले दैनिक कामहरूलाई सजिलो बनाउँछ ।

**८. मुटु स्वस्थ राख्छ**

गर्भावस्थाले मुटुको प्रणालीमा थप दबाब ल्याउँछ, किनभने मुटुले विकासशील भ्रूणमा रक्तप्रवाह गर्न थप मेहनत गर्नुपर्छ । त्यसैले, गर्भावस्थाको समयमा मुटुको स्वास्थ्य सुधार गर्न हिँड्नु एक राम्रो विकल्प हो । नियमित रूपमा हिँड्दा मुटुलाई बलियो बनाउन र रक्तसञ्चार सुधार गर्न मद्दत पुग्छ, जसले प्रिक्ल्याम्प्सिया जस्ता समस्याहरूको जोखिम कम गर्न सक्छ ।

**९. उर्जा बढ्छ**

गर्भावस्थाको प्रगतिसँगै, थकान धेरै महिलाहरूका लागि चिन्ताको विषय बन्छ । यस्तो अवस्थामा हिँड्नु फाइदाजनक हुन सक्छ । थकानमा हिँड्नु कसरी फाइदाजनक होला भन्ने लाग्न सक्छ, तर हिँड्दा थकानसँग जुध्न र ऊर्जाको स्तर बढाउन मद्दत पुग्छ । यसले पूरै शरीरमा अक्सिजन र रक्त प्रवाह बढाउँछ, जसले थकानको भावनासँग जुध्न मद्दत गर्छ ।

यदि गर्भवती महिलालाई कुनै स्वास्थ्य समस्या छैन भने, चिकित्सकको सल्लाहमा दैनिक ३०-४० मिनेट बिहानको पैदल यात्रालाई आफ्नो दैनिक जीवनमा समावेश गर्नुपर्छ ।

**साहित्य**

हास्यव्यंग्य

# जुँगे बाको लठ्यौरोलाई कन्या चाहियो

✍ होम सुवेदी

केही वर्षदेखि यता नेपालबाट विदेशतिर जाने लहर नै चलेको छ । सके अमेरिकै जाने र नसके खाडीका मुलुकमा समेत जानै पर्ने मान्यताको विकास भएको छ । गाउँका युवा जति सबै विदेशमा पुगेर गाउँहरु बुढाबुढीहरु मात्र भएका खबर सुन्न पाइन्छ । मेरै गाउँबाट पनि ३०० भन्दा बढी युवाहरु अहिले विदेशमा छन् । कार्की बुढाको निधनमा हामी बुढाहरु मात्र मलामी थियौं । यसैबाट प्रमाण पुग्छ नेपाल अब बुढाहरुको हो । सलक्क परेको निख्खर युवा मात्र नभई अहिले ता अलिक खुनी, लुला, अन्ध, अपाङ्गहरु पनि पो विदेशकै दाउमा छन् । के मिलाएर हो कुन्नि गइरहेका पनि छन् । अमेरिकामा चिट्ठा पारेर बर्सेनी वैध रुपमा उतैतिर बसाइँ सर्नेहरुको संख्या कम छैन । युवाविहीन देशका रुपमा हामी परिचित भइरहेको कुरा कसैलाई सुनाउन मन छैन । कुनै पनि दक्षता भएको युवा अब नेपालमा रहेन चाहे त्यो लाटो गाँडो नै किन नहोस् विदेशतिर छिऱ्यो ।

यही क्रममा मेरो छिमेकी जुँगेबाको जेठो पुत्रको परिवारलाई चिट्ठा परेको कारणले सात वर्ष वर्षअघि नै उता अमेरिकातिरै गएको थियो । सौभाग्य के भयो भने उसले आफ्नो अपाङ्ग र अशब्त भाइलाई समेत चिट्ठामा पारेर उतै लगिदियो । उता के कस्तो धन्दा गर्छ उसैले जानोस् तर उसले आफ्ना पिता जुँगेबालाई भर्मन गर्न बोलाएको यो तेस्रो पालि हो । तिन वर्षभित्रैमा आफैं खर्च हालिदिएर पहिलो पटक बोलाएको थियो । युवा उता गएकोमा यताका बुढापाकाहरुलाई विदेश घुम्ने मौका पनि परेको छ । यो फाइदाकै कुरा भएको छ । हाम्रा जुँगेबाको कान्छो पुत्र यहाँ छँदा अलिक अशक्त जस्तो थियो । यहाँ उसलाई लक्पके भन्थे, शारीरिक रुपमा ऊ अलिक बेग्लै किसिमको थियो । बेला बेला झन्काहा गाईले जसरी मुन्टो पऱ्याकपऱ्याक बटार्थ्यो, मुख पनि किचिक्क किचिक्क पार्थ्यो । नयाँ मान्छेले उसलाई यस अस्थामा देख्दा सद्दे मान्दैनथे । बालबालिकाहरु भने तर्सन्थे । बिचराको शारीरिक संरचना नै त्यस्तै थियो । डाक्टरले पार्किन्कस हो कि के रोग भएको भन्थे । अरु सबै थोक छोडेर उसको मुख्य कुरा स्मरणशक्ति भने पाएको थियो । बोली अस्पष्ट भए पनि ठेगानमा थियो । उसको शरीर उसको वशमा नरहेको जस्तो थियो । बुढाले यसै छोरालाई बिहे गरिदिन यसै प्रकृतिकी भए पनि केटी धुइँपत्ताल गरेर यतै छँदा खोजेका हुन् तर कसैले दिन मानेन । उता जानुअघि नै उनको यो पुत्र पैंतीसका हाराहारीमा पुगिसकेको थियो । यही छोरो उसको दाजुको चिट्ठामा उता गएको थियो । आज ता त्यसैले जुँगेबालाई अमेरिका डुलायो अरे । उनी त्यसै भन्छन् । डुलायो होला ।

मेरो कथा, कविता र विशेष गरी निबन्धका पात्र जुँगे बा यसपालि पनि अमेरिका पुगेर आए । छोराहरुको प्रताप थियो उता जानुमा । नेपालबाट गएदेखि उनको जेठो यतातिर आउन भ्याएको छैन । बिहे गरिदिने भए आउँछु नत्र आउँदिन भन्छ अरे कान्छो चाहिं । कान्छो छोरो लाटो र अपाङ्ग जस्तो भए पनि जेठो चाहिं बाठो छ ।

यो पटकसमेत गरी उनी तीन पटक भयो उता पुगेर आएको । बूढा अलिक पढेलेखेका भएनन् र मात्र नत्र कतिओटा यात्राविवरण लेखेर विमोचन गराइसक्ने थिए । 'उता उकिल कप्तानबाले पैसाको तुजुकमा आफ्नो कायाकैरन लेखाए भने तिमी के हेरिहेका छौ बा ? एउटा लेखकलाई अलिकति चारो हालिदेऊ र लेखाऊ न आफ्नो पनि कायाकैरन ?' मैले भनेपछि उनी यतातिर पनि सोच्तैछन् । हेरौं अलिकति चारो हालिदेलान् जस्तो बुझिंदैछ । कुनै लेखकलाई एकदुई महिना पाले भने तिनको यात्रावृत्तान्त बजारमा आउन सक्छ । बाटो हेरौं । काठमाडौंतिर बूढा बसे भने एकै महिनामा कर्रा लेखकका रुपमा उत्रन सक्छन् । किन भने त्यहाँ ता पाइलै पिच्छे भाडाका लेखकहरु पाइन्छन् । यता गाउँमा पो उनलाई अलिक अभाव छ लेखिदिने जनमनहरुको ?

अहिले भने उनको धुन अर्कै छ । यसै पालि उनको कान्छो छोराको बिहे नगरी भएनछ । अमेरिकामा बसेको त्यही लक्पके छोराको बिहे गर्नु छ अब जुँगे बालाई । जुँगे बा, उताबाट यता फर्किएपछि बडो ताउरमार गरेर गाउँतिर पस्न थालेको पनि निकै दिन भइसकेको छ । उनले मलाई अमेरिकामा पुगेको उनको छोरोलाई बुहारीको खाँचो परेको छ भन्ने कुरा अलिक अस्ति नै जनाएका पनि हुन्, सहयोगको आशा पनि गरेका हुन् ।

उनेले उतै गएको मौकामा मलाई लामो फोन गरेका थिए–'ए साइँला, छोरा पाउने हो भने सरसाउँदा भन्दा ता यस्तै लाटा गाँडा पाउनु पो राम्रो रहेछ । यता ता त्यस्तालाई समाजमा त्यसै भत्ता दिंदोरछ गोरमेन्टले । यसपालि चैं यसका लागि एउटी बुहारी नखोजी भएको छैन । याँ ता जोसुकैले मुख चाटाचाट गरेको र अँगालो मारेर बाटैमा झुत्ती खेल्दै गरेको देखेछ यस मोराले । त्यसपछि त यसले बिहे गरिदेओ बिहे गरिदेओ भनेर ठाडो बुच्छर लाइरहेको छ । मुख सुँखेको र कट्टु मात्र लगाएका मिमहरुलाई देखेर यो मोरो लठेब्रो पनि 'मलाई पनि एउटी केटी खोजीदेऊ न बा...' भनेर रोइरहेको छ । कसरी हुन्छ सहयोग गर है साइँला । तिम्रा आफन्तहरुकोमा यसो कुरा चलाइराख है ।' अमेरिकामा नर्मल भन्दा एबनर्मल छोराछोरी पठाउन सकियो भने काइदाले डलर आउने रहेछ भन्ने उनको ठनाइ थियो । के हो कुरा उनै जानून् । फोनका कुरा थिए यी । 'के बुहारी पनि त्यसै लठेब्री नै खोज्ने हो कि कसो त ?' मैले फोनमै सोधेको थिएँ । 'त्यस्तो मिले ता झन् काइदा । त्यस्ताले ता कामै गर्नु नपर्ने रछ ।' उनले समर्थनमा लठेब्री बुहारीको अपेक्षा गरेको बुझिएको थियो ।

मैले उनको छोराको शारीरिक अवस्था यावत् बुझेको हुनाले सोधें– 'के त्यता गएपछि तपाईंको कान्छो अलिक लक्पकाउन छाड्यो ?' 'यहाँ अम्रिकामा पो छ त ऊ ता । अन्त होइन साइँला । स्वर्गमा छ, स्वर्गमा । स्वर्ग हो अमेरिका । यहाँ आउन जसकसैले आसै नगरे हुन्छ । यहाँ आइपुग्ने लक्पकाओस् कि राखोस् नि । यो अम्रिकामा हो । अब यो यहाँ भएपछि उसलाई केटी दिनुपर्छ । उसलाई छोरी दिनु भनेको भाग्य खुल्नु हो । त्यही कुरा गरेर तिमी केटी मागिराख है ।'

त्यो फोनको कुरा थियो । फोनमा लामो के कुरा गर्ने भनेर मैले यसै टारें र फोन राखिदिएँ । पछि यता नेपाल आएको बेला पो थाहा पाएँ उनी ता मैले उनकी बुहारी खोजेको छु । भन्ने ठानेर ढुक्क पो परेका रहेछन् । पहिले पहिले उनी आउना साथ अमेरिकाको आकासपातालको बयान गर्थे यस पालि ता उनी आइपुग्नै नपाई –'केटी फेला पाऱ्यौ साइँला ?' भन्दै मेरो घरमा पो पस्छन् ए । मैले पनि उनको पूर्वप्रस्तावलाई स्पष्ट भनिदिएँ– 'केटो के गर्छ, ? कति पढेको छ ? के काम गर्दो रैछ ?, कति वर्षको भो ? कति कमाउँछ ?' भनेर सबैतिर सोध्छन् । मैले ता साँचो कुरा भनिदिएँ । यो भनेपछि सबै दुर्दुर भए है बाबै । मैले ता सकिनँ तपाईंका छोरालाई कन्या जुटाउन । तपाईंका छोराले अलिक उमेर खाइसक्यो । चालिसतिरको भइसक्यो क्यारे । अब ता त्यही किसिमका यसो गाउँठाउमा केटी खोजौं भन्दा पनि ढाँट्न मिलेन । केटो नपाएर उमेर भिड्किएका कुनै उमेरदार आइमाई खोज्ने हो कि भनेर अस्ति पर मुखियाको घरमा उनकी नोकर्नी गठैका बारेमा कुरा गऱ्या, 'त्यस्ता लक्पके अपाङ्गका लागि दिन्न' भनेर झन्डै मारे । मैले पनि 'के अपाङ्ग भनेको अभिशाप हो त ?' भनेर माझै मुख भनिदिएँ । के गर्नु अब ता खोज्नै पो छाडें बा । अब आफैं खोज है बा' भने । उनले फोनमा ता 'लाटी लठेब्री नै भए पनि हुन्छ' भनेका थिए । कताबाट पाउनु त्यस्ता ? कन्या केटीको ता कुरै भएन तिनका बाढ पुगेको छोरालाई । कोनि है बा तपाईंका ठिमाहा छोरालाई बिहे गर्न पनि लेख्या छ कि छैन ?' मैले आफैं सोचेको थिएँ ।

मेरा कुरा सुनेर मलाई सातो खाउँला झैं गरेर उनले भनेका थिए–'के भनेको साइँला तिमीले ? अमेरिकामा ४० काटेर मात्र बल्ल बिहेको सुर गर्छन् । उसको ता भर्खर मात्र पो बिहे हुने बेला हुँदैछ । अब तिमीले केही काम गरेनछौ हेरि मात्र राख न तिमी । सात दिनभित्र कोरली केटी भेटिनछु भने ता !' उनले अलिक फुर्ती लगाए । मलाई पनि झोंक चल्यो–'उतै अमेरिकातिर खोज्या भा भइहाल्थ्यो नि । अब केको यतातिर दु:ख पाउँछौ ? उता ता एक अहोरात्रका लागि मात्र पनि बिहेको मेलो गर्न पाइन्छ अरे भन्ने सुनिन्छ । गराउनु नि त्यस्तै भा' पनि त्यस अर्धानुलाई ।' मैले पनि मन नथामी भनें ।

उनले फेरि भने–'हेरिमात्र राख न, अमेरिकामा पुगेको ज्वानलाई रोज्जा रोज्जा छोरी दिन्छन् यताकाहरुले । अरु के हेर्छन् ? अम्रिका पुगेको छ भने पुग्यो........ आ, बिथ्थामा कुरा गर्छौ । मलाई समय पो अलिक कम छ । लगन पनि अलि कम छन् भन्छन् यस पालि ।' 'उता पुगेकालाई केको लगन ? जतिखेर पायो त्यतिखेर छिनायो नि । बिनाबिथ्थामा । तपाईंको छोरो पहिलेको भन्दा केही फरक भयो उता पुगेर ? कुइरेका मुलुकमा पुगेपछि ता कुइरो पनि भयो होला हैन ?' मैले सोधें । 'भाइका कुरा ता छाडिदिऊँ, के गर्दो रहेछ तपाइँको जेठो छोरो ?'

'डुपापमेन्टको द्वारपाल छ । भुइँ सफा गर्ने मेसिनको डाइभर छ ।' उनले भने । होला तानि भनेर म चुपै लागें । ढोकाको पाले रहेछ पोछा लगाउँदो रहेछ क्यारे भन्नेसम्म लाग्यो कुरा बुझिएन पनि । 'कान्छो छोरो नि त ? पहिले यहाँ बस्ता ता अलिक अर्धशिल्ली जस्तो, पागल पागल जस्तो, लठेब्रो लठेब्रो जस्तो थियो नि । त्यो उता गएपछि सब ठिक भयो ?' सोधें ।


अम्रिकामा गएपछि जे पनि ठिक हुन्छ ? भन्दै बिचैमा कुरा छाडेर मबाट अलग भए । उमेर भिड्किन लागेको आफ्नो छोराका लागि यता पनि त्यस्तै कुनै नारीको खोजी गर्नु मनासिब हुने कुरा बाबै मेरो घरबाट जाँदाजाँदै गर्दा जनाएँ । निकै दिन लौरो टेकेर गाउँ डुलेपछि उनी लखतरान भएको बुझिन थाल्यो । उनले सुरुमा जसरी मसँग धाकधक्कु लगाएका थिए त्यसरी भनेजति सजिलो रहेनछ भन्नेमा उनी पुग्न लागेको बुझिन्थ्यो । आज पनि बेलुकापख हत्तु भएर फर्किए उनी । के भो ? अब कुरा कतै मिल्यो ? मैले सोधें ।

के मिल्नु ? कस्ता हुन्, मान्छेहरु पनि ? याँ आफ्नो छोरो अम्रिकामा बुढिने भो......। छैन त अबलाई केही उपाय ? लौ है, अबलाई हार खाएछन् जुँगे बाबैले !' मैले भनें । 'खान्छन् हार जुँगे बाबै ? छन् उपाय हजार । अजमाउन जान्नुपर्छ ।' उनले मलाई दपेटौंला झैं गरे । 'अनि के हेरिराखेको नि ? अजमाउनू नि त । के छन् त्यस्ता उपायहरु ?' मैले भनें । 'अब पर्चा छिपेर विज्ञान गरौं । अनि केही उपाय होला कि ?' उनले बुहारी खोज्ने नयाँ सूत्रको कुरो गरे । अनि मैले भने 'मैले अलिक भेउ पाइनँ नि । कसरी हुन्छ विज्ञान ? के हो तपाईंको विज्ञान भनेको ? कस्तो हुन्छ त्यो विज्ञान ?' बिस्तारै कुरा खुल्यो विज्ञान भनेको विज्ञापनका लागि विज्ञान भनेका रहेछन् । 'त्यसबारे तिमी जानिफकार छँदैछौ नि । लेख अब विज्ञान' उनले मलाई नै पो प्रयोग गर्ने सुर कसेछन् विज्ञापन लेखाउन ।

'खर्च लाग्छ त बा, यसका लागि ता छिपाउनुपर्छ ।' 'छिमेकी भएर पनि लेखेको खर्च माग्ने ? खर्चको कुरा नगर । तिम्रो पनि ता भाइ जस्तै हो, यति सहयोग गर्न सक्दैनौ ?' सातो खान खोजे । 'छाप्न खर्च लाग्छ भन्या पो त ।' मैले भनें । 'ए त्यसो भन न । त्यसका लागि त म छँदैछु नि ।' उनले सहज रुपमा स्वीकार गरे । 'सबैथोक नढाँटीकन लेख्नुपर्छ है बाबै म ता ढाँट कुरा लेख्तिनँ ।' मैले भनें । 'नढाँटीकन ता कसरी लेख्ने ? अप्ठेरो कुरा नगर न ।' 'ढाँटेर ता म यो काम गर्दिन । अर्कैलाई लगाउनुहोस् ।' 'उसो भने अलिक बढाइँचढाइँ गरेर लेख्नु ता हुन्छ नि । सादा होइन नि, रंगिनमा राम्रो फोटो हालेर छिपाउनुपर्छ । पर्चन्नको, झललको, माधोको सुसिलको चुनाउका बेलाको फोटाहरु कति राम्रो गरी उबेलाको चुनाउमा छिपाएका थिए हो..... त्यही किसिमको भाँती पारेर विज्ञान लेख त ।'

'त्यो पनि म गर्दिनँ । त्यसो गर्ने भए अन्तै लेखाउनू र छिपाउनू । यसमा पनि पक्को कन्या पाइएला भन्नेमा मलाई विश्वास छैन ।' 'नकराऊ । याँ सुन । ठूला ठूला अक्षरमा राम्रो भाँती पारेर लेख । र छिपाउन देऊ । यो माउवादी कम्लेस पार्टीहरुको पर्चा हुन्छ नि त्यो भन्दा पनि राम्रो कागजमा छिपाऊ । जति लाग्छ म तयार छु तिर्न । भोलि नै भित्ताभित्तामा र गाउँविकासका कार्ज्यालयका पार्टीहरुमा टाँस गर्न पठाउँछु । अनि केही उपाय होला कि... । मैले यही कुरा पनि मानिनँ । बूढा तिल्मिलाएर उठे अनि लौरो टेकेर ततकिँदै उनका खरतिर लागे । हेरौं उनको छोराले कन्या पाइहाल्ला कि त ?

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# उपभोग्य वस्तुमा व्यापारीको लुट, अनुगमन गर्न उजुरी कुर्छ सरकार

काठमाडौं/भान्सामा दैनिक प्रयोग हुने अत्यावश्यक वस्तुमा पर्छ- चामल, दाल, तेल, मसला, आटा, मैदा, मासु, अन्डा, चिनी, आलु, गोलभैंडा लगायत तरकारी । तर, दैनिक उपभोग्य वस्तुको भाउ व्यापारीले अचाक्ली बढाउँदा उपभोक्ताको ढाड सेकिएको छ । पाइलैपिच्छे खुलेआम उपभोक्ता ठगिँदा पनि सरकार भने 'कानमा तेल हालेर बसेको' छ ।

आम्दानी बढ्दैन तर खर्च दैनिक बढ्छ । न्यून आम्दानी हुनेलाई बिहान-बेलुका छाक कसरी टार्ने भन्ने चिन्ताले सताउँछ । सरकार र सरकारी तथ्यांकले महँगी घटेको दाबी गरिरहँदा पनि उपभोक्ताले चर्को मूल्यमा दैनिक उपभोग्य वस्तु खरिद गर्न बाध्य छन् । बिहीबार बिहान काठमाडौं बुद्धनगरको एक किराना पसलमा खानेतेल किन्न पुगिन् अन्जना श्रेष्ठ । उनले पसलेसँग एक लिटर सनफ्लावर तेल मागिन् । पसलेले उनलाई तेलको प्याकेट झिकेर दिए । अनि, पसलेले तेलको मूल्य भने- २ सय ९० रुपैयाँ !

अन्जनाले एक साताअघि मात्रै त्यही पसलबाट २ सय ७० रुपैयाँमा सोही तेल किनेको पसलेलाई बताइन् । तर, पसले भने 'अहिले तेलको मूल्य फ्याक्ट्रीबाटै बढेर आएको छ' भनेर पन्छिए । पसलेले माथिबाटै तेलको मूल्य बढेर आएको भनेपछि अन्जनाले एक लिटर तेलको मूल्य २ सय ९० रुपैयाँ नै तिरिन् । 'आम्दानी बढेको छैन, खर्च दैनिक बढेको छ, महिनाभरि काम गरेर ल्याएको पैसा यसरी नै पसलेलाई बुझाउँदा ठिक्क हुन्छ,' अन्जनाले संचारकर्मीसँग दु:खसो पोखिन्, 'त्यसमा पनि व्यापारीले हामीजस्ता उपभोक्तालाई हरेक कुरामा ठगेर दुई छाक टार्न पनि समस्या बनाएका छन् ।'

**व्यापार संघले तोकेको सनफ्लावर तेलको भाउ कति ?**

नेपाल खुद्रा व्यापार संघले १५ साउनमा तोकेको मूल्यसूची अनुसार सनफ्लावर तेलको भाउ एक लिटरको २ सय ४५ रुपैयाँ छ । १ साउनमा तोकेको मूल्यसूची अनुसार उक्त तेलको मूल्य २ सय ४० रुपैयाँ रहेकामा १५ दिन अवधिमा ५ रुपैयाँ बढेको तथ्यांकले देखाउँछ । तर, खुद्रा पसलेले भने उपभोक्तासँग तोकिएको मूल्यभन्दा ४५ रुपैयाँ बढी असुलिरहेका छन् ।

१ साउनमा एक लिटर सनफ्लावर तेलको भाउ २ सय ४० रुपैयाँ हुँदा अन्जना जस्ता उपभोक्तालाई व्यापारीले ३० रुपैयाँ बढी असुले भने सोही तेलको मूल्य १५ साउनमा ५ रुपैयाँ बढेर २ सय ४५ रुपैयाँ हुँदा ४५ रुपैयाँ बढी ठगेको पाइयो । यही हिसाबले लाखौं उपभोक्ता दैनिक उपभोग्य वस्तुमा यसरी नै ठगिँदै आइरहेका छन् । उपभोक्ता दैनिक उपभोग्य वस्तु दाल, चामल, चिनी, नुन, तेल, तरकारी मात्रै होइन, सार्वजनिक सवारीसाधन प्रयोग गर्दा पनि मूल्य र गुणस्तर दुवैमा ठगिने गरेका छन् ।

उपभोक्ता ठगिने अर्को वस्तु भनेको भान्सामा सबैभन्दा बढी प्रयोग हुने तरकारी, मासु र अन्डा हो । किसानले नै आफ्नो उत्पादनको उचित मूल्य नपाउने र बिचौलिया हाबी हुने हुँदा तरकारीको समेत उपभोक्ताले महँगो तिरेर खानुपर्ने बाध्यता छ । अनुगमन नियमन गर्ने निकाय उपभोक्ताप्रति गम्भीर नबन्दा उपभोक्ताले घरायसी प्रयोगका वस्तु खरिद गर्न होस्, औषधि उपचार होस् वा शिक्षाजस्ता सबै क्षेत्रमा मनपरी असुलीको मार नै खेप्नुपरेको छ । उपभोक्ताका लागि सर्वसुलभ मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा पाउनु कल्पना बाहिर बन्दै गएको छ ।

**मासु र अन्डामा ठगिँदै उपभोक्ता**

कुखुरा व्यवसायीले ब्रोइलर कुखुरा मासुको भाउ ३ दिनको अवधिमा २ पटक बढाइसकेका छन् । उत्पादन कम भएको भन्दै राष्ट्रिय कुखुरा व्यवसायी संघले १५ साउनदेखि लागु हुने गरी भाउ बढाएकोमा फेरि १८ साउनदेखि नै लागु हुने गरी ३ दिनमै कुखुरा मासुको भाउ जिउँदो कुखुरामा प्रतिकिलो १० रुपैयाँ र तयारी मासुमा १५ रुपैयाँ बढाइसकेको छ ।




संघले तोकेको मूल्य अनुसार तयारी मासुको थोक (होलसेल) मूल्य ३ सय ५० र जिउँदो कुखुराको मूल्य २ सय ४० रुपैयाँ हो । तर, खुद्रामा भने व्यापारीले मनपरी मूल्य तोकेका छन् । संचारकर्मीले दर्जन बढी मासु पसलमा मूल्य बुझ्दा प्रतिकिलो मूल्य ३ सय ७० देखि ४ सय २० रुपैयाँसम्म तोकेको पाइयो ।

पसलपिच्छे नै मूल्य फरक-फरक तोकिएको छ । मूल्यमा एकरूपता छैन । केही पसलमा मूल्यसूची लेखेर टाँस गरे पनि अधिकांश पसलमा व्यापारीले मौखिक मूल्य भन्ने गरेका छन् । यस्तै अन्डाको भाउ पनि १० दिनको अन्तरमा २ पटक बढिसकेको छ । २८ असारमा बढेको अन्डाको मूल्य ६ साउनदेखि लागु हुने गरी नेपाल लेयर्स कुखुरापालक संघले बढाएको थियो । नयाँ मूल्य अनुसार ठूलो अन्डाको भाउ प्रतिक्रेट ५ सय २५ रुपैयाँ र मिडियम अन्डाको भाउ प्रतिक्रेट ४ सय ९५ रुपैयाँ तोकिएको छ । तर, खुद्रा व्यापारीले भने ठूलो अन्डा प्रतिक्रेट ६ सयदेखि ६ सय ५० र मिडियम अन्डाको मूल्य प्रतिक्रेट ५ सय ५० देखि ५ सय ७० रुपैयाँसम्म बेचेका छन् । व्यापारीले अन्डा ल्याउँदा बाटोमा फुट्ने र आफूहरूलाई घाटा पर्न जाने बहानामा उपभोक्तासँग महँगो मूल्य असुल्दै आएका छन् ।

**खानेपानी जारको बिजोग**

अधिकांश खुद्रा पसलदेखि स्टोरसम्म बेच्न राखिएका खानेपानीका जार हेर्ने हो भने किनेर खान मन लाग्दैन । अधिकांश पसलमा बेच्न राखिएका जार थोत्रा, कुच्चिएका, मिति नटाँसिएका, दुई/तीन वटा स्टिकर टाँसिएका, अपारदर्शी लगायत देखन पाइन्छ । बर्खाको समयमा पानीजन्य रोगको जोखिम बढी हुन्छ । तर, यही समयमा नियमित पानीको अनुगमन भएको छैन । पानी उत्पादक र वितरकले नै उपभोक्तालाई लेउ लागेका, पुराना र थोत्रा जार प्रयोग गर्न बाध्य पारेका छन् । जारको पानीको विषयमा बहस नै हुने गरे पनि नियमित अनुगमन गर्ने निकायको ध्यानसम्म पुग्न सकेको छैन ।

अनुगमन गरी चेकजाँच भएको खण्डमा पानीमा कैफियत भेटिएकै हुन्छ । खानेपानीमा कोलिफर्मका किटाणु भेटिँदा पनि सम्बन्धित निकायले त्यसमा गम्भीरतापूर्वक चासो लिएको पाइँदैन । एक साताअघि ललितपुर गोदावरी नगरपालिकामा ६० प्रतिशत जारको पानीमा कोलिफर्म भेटिएको थियो । यस्तै भक्तपुरको चाँगुनारायण नगरपालिकाले गरेको अनुगमनमा ५ वटा खानेपानी कम्पनीको पानीमा कोलिफर्म भेटिएपछि बिक्रीमा रोक लगाइएको छ । काठमाडौं महानगरपालिकाले गरेको अनुगमनका क्रममा कुच्चिएका, फुटेका र पानी नदेखिने अपारदर्शी जार भेटिएका थिए ।

**नक्कली उत्पादन बजारमा देखिएपछि उजुरी**

पतञ्जलि ब्रान्डका नक्कली उत्पादन बजारमा छ्यापछ्याप्ती देखिएको भन्दै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा २ जना उपभोक्ताले उजुरी गरेका छन् । भक्तपुर सूर्यविनायककी कुसुम थापा र नागार्जुन नगरपालिका-३ का शंकर पौडेलले पतञ्जलि ब्रान्डका सुपर डिस वास बार र पपुलर डिटरजेन्ट पाउडर जस्तै देखिने मिल्दोजुल्दो वस्तु बजारमा छ्यापछ्याप्ती उत्पादन तथा बिक्री वितरण हुँदा यस्ता नक्कली उत्पादनले उपभोक्तामा भ्रम छर्ने र झुक्याउने गरेको भन्दै विभागमा उजुरी गरेका छन् ।

उनीहरू आफूले पतञ्जलि ब्रान्डका भाडा माझ्ने साबुन, कपडा धुने साबुन र डिटरजेन्ट पाउडर प्रयोग गर्दै आइरहेको र बजारमा किनमेल गर्दा उक्त ब्रान्डको जस्तै मिल्दोजुल्दो देखिने गरी सामानको प्याकिङ, डिजाइन, साइज, कलर, वस्तुको नाम, लेबल आदि उत्पादन गरी बिक्री वितरण भइरहेकाले उपभोक्ता भ्रममा परेको भन्दै उजुरी गरेका हुन् । यस्ता उत्पादनले उपभोक्तामा भ्रम सिर्जना गर्नुका साथै स्वास्थ्य र उपभोगको अधिकारमा प्रतिकूल असर पारेको भन्दै कारबाही पनि माग गरिएको छ ।

उपभोक्ताको हित र अधिकार संरक्षणका लागि अन्य ब्रान्डको जस्तो देखिने र बुझाउने यस्ता नक्कली उत्पादन र छलपूर्वक ग्राहक झुक्काइ बिक्री वितरण गर्ने अवैध किसिमका क्रियाकलाप तत्काल रोकी यससम्बन्धी कार्य गर्ने/गराउनेलाई छिटोभन्दा छिटो अनुसन्धान गरी कडाभन्दा कडा कारबाही गठन उनीहरूको माग छ । चौतारी सोप इन्डस्ट्रिजले पतञ्जलिकै डिजाइनमा 'पत्तिजली' नाममा भाँडा धुने साबुन, लुगा धुने साबुन र सर्फको प्याकिङ, डिजाइन, साइज, कलर, वस्तुको नाम, लेबल हुबहु कपी गरेर बजारमा बिक्री वितरण गरेको पाइएपछि उपभोक्ताले उजुरी गरेका हुन् ।

मूल्य र गुणस्तरमा उपभोक्ता ठगिएका छन् कि छैनन् भनेर अनुगमन तथा नियमन गर्ने निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग हो । तर, दैनिक उपभोग्य वस्तुमा दैनिक नै उपभोक्ता ठगिँदा यो क्षेत्रको अनुगमन विभागले गरेको छैन । देशभरि उपभोक्ता ठगिए भनेर अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) लागु गर्न लागिपरेको विभागले राजधानीकै बजारलाई स्वच्छ बनाउन सकेको छैन भन्ने माथिका उदाहरणले छताछुल्ल पार्छन् ।

उपभोक्ता संरक्षण विभागले लामो समयदेखि विद्यालय, कन्सल्टेन्सी, अस्पताल लगायत क्षेत्रमा अनुगमन गरिरहेको छ । तर, खाद्यान्नजस्ता अत्यावश्यक वस्तुमा नियमित अनुगमन नहुँदा उपभोक्ता ठगिने क्रम रोकिएको छैन ।

**दिनहुँ ५ टोलीले अनुगमन गर्छौं : वाणिज्य विभाग**

विभागका महानिर्देशक कुमारप्रसाद दहाल दैनिक ५ जनाको ५ वटा टोलीले बजार अनुगमन गरिरहेको बताउँछन् । उनले खाद्यवस्तुको पनि नियमित अनुगमन भइरहेको दाबी गरे । 'दैनिक उपभोग्य वस्तुको पनि अनुगमन भइरहेको छ,' उनी भन्छन्, 'हामीले बजारमा भइरहेको मूल्यवृद्धि भन्दा पनि मूल्यसूची हेर्ने हो ।'

उनले विभागको नीति प्रतिस्पर्धाबाट बजार सञ्चालन हुन्छ भन्ने भएको बताए । 'बजारमा एउटा व्यापारीले आफ्नो वस्तुको मूल्य बढायो भने अर्को व्यापारीले घटाउँछ भन्ने हाम्रो नीति हो,' महानिर्देशक दहालले भने, 'सोही नीति अनुसार हामीले मापदण्ड पूरा गरेको छ कि छैन, पूर्वाधार पूरा गरेको छ कि छैन भनेर हेर्ने मात्रै हो ।' महानिर्देशक दहालले भने अनुसार प्रतिस्पर्धी बजार सिद्धान्त अनुसार बजार चलेको छ त ? भन्ने हो ।

निर्देशक दहालका अनुसार विभागले मूल्यसूची, खरिद, बिलबिजक लगायत मापदण्ड हेर्ने र उक्त मापदण्ड पूरा भएको खण्डमा बजार स्वच्छ भएको मानिन्छ । तर, हाम्रो जस्तो अस्वस्थ बजारमा, उपभोक्ता शिक्षित नभएको बजारमा र पूर्णरूपमा नियमकानुन पालना गर्न नसकेको बजारमा कुनै एउटा व्यापारीले मूल्य बढाएर बेच्दा अर्को व्यापारीले घटाएर बेच्ला भनेर ढुक्क हुने अवस्था भने छैन । कनै उपभोक्ताले आफू ठगिएको उजुरी गरे मात्रै अनुगमन गर्ने गरेको विभाग नै स्वीकार्छ । विभागका वरिष्ठ अनुगमन अधिकृत अमित झा खाद्यवस्तुको अनुगमन उजुरीका आधारमा हुने बताउँछन् । 'यदि उपभोक्ताले आफू ठगिएको वा समस्याका बारेमा उजुरी गरे भने तत्काल अनुगमन भएर कैफियत भेटिए कारबाही हुन्छ,' उनी भन्छन्, 'खाद्यवस्तुको अनुगमन हामी छिट्टै गर्ने तयारीमा छौं ।'

**अस्तव्यस्त अनुगमन : उपभोक्ता अधिकारकर्मी**

उपभोक्ता संरक्षण ऐन २०७५ ले वस्तु र सेवा दुवै क्षेत्रमा अनुगमन र नियमन गर्ने अधिकार दिएको भए तापनि यसको प्रभावकारी कार्यान्वयन नभएको उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिना बताउँछन् । खाद्यवस्तु दाल, चामल, तेल, आटा, मैदा, पानी, लत्ताकपडा जस्ता दैनिक उपभोग्य वस्तुको अनुगमन पनि नियमित हुन सकेको छैन । चाडपर्वका बेला अनुगमन तीव्र पारिए पनि अन्य समयमा बजारमा मिसावट, कालोबजारी र मूल्यवृद्धि जस्ता समस्या मौलाइरहेको उनी बताउँछन् ।

'उपभोक्ता संरक्षण ऐनले तोके अनुसार हामीले बजारको तह पनि तोक्न सकेनौं, अत्यावश्यक वस्तुहरूको सूची पनि हामीले सार्वजनिक गर्न सकेनौं,' उपभोक्ता अधिकारकर्मी तिमल्सिना भन्छन्, 'वाणिज्य विभाग तथा मन्त्रालयसँग वार्षिक अनुगमन गर्ने क्षेत्र के हो, नियमित अनुगमन गर्ने क्षेत्र के हो र आकस्मिक रूपमा गर्नुपर्ने अनुगमन क्षेत्र के हो भन्ने कुनै योजना नै नभई अस्तव्यस्त रूपमा अनुगमन भइरहेको छ । यसले तात्विक रिजल्ट दिँदैन ।'

उपभोक्ता संरक्षण ऐन २०७५ ले वस्तु वा सेवाको गुणस्तर, मूल्य, नापतौल र शुद्धतासम्बन्धी विषयमा अनुगमन गरी उपभोक्ता अधिकार संरक्षण गर्ने स्पष्ट व्यवस्था गरेको छ । ऐनले अनुचित व्यापारिक क्रियाकलापमा संलग्न व्यवसायीलाई तत्काल जरिबाना गर्ने अधिकार निरीक्षण अधिकृतलाई दिएको छ । 'निरीक्षण अधिकृतलाई कसुरको प्रकृति हेरी तत्कालै ५ हजारदेखि ३ लाख रुपैयाँसम्म जरिवाना गर्न सकिने अधिकार छ,' उपभोक्ता अधिकारकर्मी तिमल्सिना भन्छन्, 'ऐन अनुसार, कैफियत भेटिएका व्यवसायीलाई तत्काल कारबाही गर्नुपर्नेमा तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिनेजस्ता अभ्यासले गलत काम गर्नेलाई उम्किने र चोख्याउने मौका दिएको छ । यो कानुन विपरीत छ ।'

बजारमा पाइने दूध, तरकारी, माछामासु, विभिन्न प्रकारका प्याकेजिङ गरेका खाद्यवस्तु, विभिन्न देशबाट आयात भएका खाद्यवस्तुको गुणस्तर के हो, उपभोग योग्य हो कि होइन भनेर उपभोक्तालाई आश्वस्त पार्न नसकिएको उनी बताउँछन् । मूल्यका विषयमा पनि बजारमा बिचौलिया हाबी हुँदा मूल्यवृद्धि भइरहेको, गुणस्तर ह्रास भइरहेको र अत्यावश्यक वस्तुको मूल्यसूची सार्वजनिक गर्न नसकिएको उनको भनाइ छ । उनका अनुसार विभागले वार्षिक कार्ययोजना बनाएर नियमित र व्यवस्थित अनुगमन गर्नुको सट्टा, बेलाबेला मात्र अनुगमन गर्ने लहरले गर्दा बजारमा दीर्घकालीन सुधार आउन सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडा सिमेन्ट उद्योगको संचालकमा ७ जनासँग अर्न्तवार्ता

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले हेटौंडा सिमेन्ट उद्योग लिमिटेडका रिक्त दुई सञ्चालक सदस्य पदमा नियुक्तिका लागि ७ जनालाई अन्तर्वार्तामा बोलाएको छ ।

मन्त्रालयले सूचना जारी गर्दै प्रतिस्पर्धाका लागि स्वीकृत उम्मेदवारको नामावलीसहित अन्तर्वार्ताको तालिका सार्वजनिक गरेको हो । मकवानपुरका ३ जनासहित बर्दिया, बैतडी, धनुषा र नवलपरासीका एक/एक जनालाई सर्टलिस्टमा छनोट गरिएको मन्त्रालयले जनाएको छ । हेटौंडाका संचारकर्मी अधिवक्ता ऋषि केबी, हेटौंडा जेसीजका पूर्वअध्यक्ष भुपेन्द्रसिंह रावल, राक्सिराङ-४ का ओमकुमार स्याङतान सर्टलिस्टमा परेका छन् । त्यस्तै बैतडकि हरिशंकर जोशी, बर्दियाका खुमलाल बुढाक्षेत्री, बर्दघाट नवलपरासीका रीता सुबेदी, धनुषाका अभिनय जयसवाल पनि सर्टलिस्टमा परेका छन् ।

गत साउन ४ गते प्रकाशित सूचनाअनुसार प्राप्त दरखास्त मध्येबाट 'उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८' अनुसार उम्मेदवार छनोट गरिएको मन्त्रालयले जनाएको छ । सर्टलिस्टमा परेका उमेदवारहरुको मौखिक अर्न्तवार्ता पनि भइसकेको बताइएको छ ।

# फरार प्रतिवादी घरमै लुकेको अवस्थामा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ ज्यान मार्ने उद्योग कसुर मुद्दामा फरार रहेका एक प्रतिवादीलाई प्रहरीले घरमै लुकी बसेको अवस्थामा पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगरपालिका-१० राप्तीरोडस्थित दास इम्पोरियम कपडा पसलका सञ्चालक ६१ वर्षीय राजबाबु दास कथवनीयामाथि २०८२ साल जेठ २९ गते दिउँसो करिब १ बजे फलामे रड, काठको बेलना र नक प्रयोग गरी प्रहार गरी घाइते बनाइएको थियो । घटनापछि फरार रहेका हेटौंडा-१२ पदमपोखरीका ३८ वर्षीय (वेदराज) हरि भन्ने बुद्ध मोक्तानलाई खोजतलासकै क्रममा साउन २२ गते राति ११:४० बजे निजकै घरमा लुकीछिपी बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।




पक्राउ परेका मोक्तानलाई आवश्यक कारबाहीका लागि मकवानपुर जिल्ला अदालत हेटौंडामा पेश गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी श्याम अर्यालले जानकारी दिएका छन् ।

# फूलपातीका तीन फिल्मबीच पोस्टर सार्वजनिक गर्ने होडबाजी

काठमाडौं/फिल्म रिलिजका लागि सबैभन्दा उपयुक्त समय दशैंलाई मानिन्छ । त्यसको कारण हो, लामो विदा । करिब एक हप्ता विदा हुने भएकाले फिल्म नराम्रो भए पनि दर्शक हलमा ओइरिन्छन् भन्ने विश्वासमा निर्माताहरूबीच दशैंमा फिल्म लगाउन हानाथाप नै चल्छ । अघिल्लो वर्षको दशैंमा एकसाथ तीन फिल्म प्रदर्शन भएका थिए । यसपालिको दशैंको फूलपातीमा पनि त्रिपक्षीय भिडन्त हुँदैछ ।

दशैंलाई लक्षित गर्दै आगामी असोज १३ गते (फूलपाती)लाई 'बलिदान', 'हरि बहादुरको जुत्ता' र 'माइतीघर'ले प्रदर्शन मिति घोषणा गरिसकेका छन् । अहिलेसम्मको अवस्था हेर्दा तीन फिल्मका निर्माताले उक्त मितिबाट हात झिक्ने झिनो सम्भावना पनि देखिएको छैन । फूलपातीका यी तीन फिल्ममा कलाकारहरूको 'लाइनअप' बलियो रहेकाले बक्स अफिसमा चर्को प्रतिस्पर्धा हुने निश्चित छ । एउटै मितिमा भिड्ने भएपछि यतिबेला तीन फिल्मका निर्माताबीच प्रचार सामाग्री सार्वजनिक गर्ने होडबाजी चलेको छ । एउटाको पोस्टर सार्वजनिक हुने वितिक्कै अर्कोको पनि आइहाल्छ । केही दिनदेखि यी तीन फिल्मका पोस्टर मात्र सार्वजनिक भइरहेका छन् । बिहीबार त सँगसँगै जस्तो दुई फिल्मका पोस्टर आए । यसले दशैंका फिल्मबीच अस्वस्थ प्रतिस्पर्धा सुरू भएको प्रष्ट संकेत गर्छ ।

गत शुक्रबार बिहान ठीक ८ बजे 'हरि बहादुरको जुत्ता'को पहिलो पोस्टर सार्वजनिक गरिएको थियो । त्यसको केही घन्टापछि 'माइतीघर'को पोस्टर आयो । सोही साँझ 'बलिदान'ले पनि पोस्टर निकाल्यो । एकैदिन केही घन्टाको अन्तरमा श्रृंखलाबद्ध रूपमा तीन फिल्मको पोस्टर आउँदा त्यसले एकअर्कालाई ओझेलमा पारेका थिए । तीनवटै फिल्मका निर्माताको रणनीति पनि यही थियो । यो साता पनि तीन फिल्मबीच पोस्टर सार्वजनिक गर्ने होडबाजी रोकिएन । बुधबार 'बलिदान'को थप चारवटा क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको थियो । ती पोस्टरको दर्शकमाझ राम्रै चर्चा भयो, जुन अन्य दुई फिल्मका निर्मातालाई सैह्य हुने कुरै थिएन । यसैले बिहीबार 'हरि बहादुरको जुत्ता' र 'माइतीघर'ले एक-एक थान नयाँ पोस्टर सार्वजनिक गर्दै 'बलिदान'को चर्चालाई मत्थर पारे ।

यतिबेला तीन फिल्मका निर्माताबीच पोस्टर निकाल्न देखिएको होडबाजीलाई धेरैले पहिलो चरणको एउटा सानो नमुना मात्र रहेको बताएका छन् । रिलिजसम्म उनीहरूले प्रचारमा एकअर्कालाई उछिन्न कयौं रणनीति बनाएको चर्चा छ । त्यसका लागि अहिलेदेखि नै पैसाको खोलो बगाउन थालिएको छ । यसरी हेर्दा दशैं भिडन्तलाई तीन फिल्मका निर्माताले प्रतिष्ठाको लडाइँ बनाएको देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
MTI का विशेषताहरु
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- १९ वर्ष देखि निरन्तर चलिरहेको संस्था
CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरुलाई सुवर्ण अवसर
कार्यक्रमहरु
Health Assistant (HA) 40 सिट
PCL Lab Technology 30 सिट
PCL Radiography 30 सिट
PCL Physiotherapy 40 सिट
फारम शुल्क रु १०००/-
- फारम वितरण मिति: २०८२/०४/०६ गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२/०४/२५ गते आइतवार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५१०३३३

# दामन-पालुङ क्षेत्रको पर्यटन व्यवसाय तंग्रिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ चिसो अनि स्वच्छ हावापानी र हिमशृंखलाको अनुपम दृश्यले प्रख्यात दामन-पालुङ क्षेत्रको पर्यटन तंग्रिँदै गएको छ ।

हेटौंडा-काठमाडौं जोड्ने प्रमुख राजमार्गको छेउमा पर्ने यो क्षेत्र कुनै समय पर्यटकको घुइँचोले थेगिनसक्नु हुन्थ्यो । तर, पछिल्लो केहीवर्ष कोरोनाको महामारी, वैकल्पिक सडकमार्गको प्रयोग र अन्य विविध कारणले गर्दा पर्यटक आगमनमा कमी आएको थियो । पछिल्लो समय भने दामन-पालुङ क्षेत्र पुन: पर्यटकको रोजाइमा पर्न थालेको छ । विशेषगरी गर्मी महिनामा यहाँको चिसो मौसम र प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गरि रहेको छ । हिमशृंखलाको मनोरम दृश्य हेर्न, अर्ग्यानिक खानाको स्वाद लिन तथा शुद्ध र चिसो हावा महसुश गर्न देश तथा विदेशका विभिन्न भागबाट पर्यटक यहाँ आइपुग्ने गरेका छन् ।



नेपालका तराई भूभागमा गर्मी अत्यधिक हुने हुँदा चिसो वातावरण खोज्दै धेरैजसो आन्तरिक पर्यटक र छिमेकी देश भारतबाट उल्लेख्य संख्यामा आगन्तुकहरु आउने गरेका छन् । पर्यटकहरु विशेषगरी गर्मी छल्न, शान्त वातावरणमा बस्न र हिमालका दृश्यअवलोकन गर्न यहाँ आउने गर्दछन् । यस्तै, जाडो महिनामा दामन र वरपरका क्षेत्रमा बाक्लो हिउँ पर्ने भएकाले हिउँ खेल्नचाहने आन्तरिक तथा विदेशी पर्यटकको चाप अझ बढी हुने गर्दछ । दामनक्षेत्र धार्मिक दृष्ट्रिकोणले पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । दामनमा रहेको ऋखेश्वर महादेव मन्दिरमा श्रावण महिनामा विशेष मेला लाग्दै आइरहेको छ ।

ठूलो एकादशी, फागु पूर्णिमालगायत पर्वमा यस मन्दिरमा धार्मिक पर्यटकको उल्लेख्य आवागमन हुने गरेको थाहा होटल एशोसिएशनका अध्यक्ष शिवकुमार खत्रीले बताए । वर्षमा ८ हजार पर्यटक दामनक्षेत्रमा आउने गरेको बताए ।

स्थानीय सरकारसँगको समन्वयमा यो क्षेत्रका ब्यवसायीले दामनपालङमा हिँउखेलनको लागि स्केटिङ पार्क तथा अन्य संरचनालाई व्यवस्थित रुपमा अगाडि बढाएर पर्यटनको विकासमा लागेको उनको भनाई छ । विगतका वर्षमा पर्यटकको खचाखच आगमन हुने गरेको र पछिल्ला वर्षमा सुकेको पर्यटन फेरि फस्टाउन थालेको अनुभव गरेको दामन घुम्न आएका पर्यटक बताउँछन् ।

दामनपालुङक्षेत्रमा रहेका एतिहासिक संरचनालाई सरकार र स्थानीय निकायले ध्यान पुऱ्याउन नसक्दा र प्रचार गर्न नसक्दा यहाँको पर्यटन जुन गतिमा मौलाउन पर्ने हो त्यो गतिलिन नसकेको मकवानपुर मनहरी घरभएका पर्यटक शिवकुमार रिजाल बताउँछन् । स्थानीय व्यवसायी पनि पर्यटक आगमन पुन:बढ्न थालेसँगै उत्साहित भएका छन् । होटल, होमस्टे तथा कृषिपर्यटनसँग जोडिएका व्यवसायमा पुन: गति आउन थालेको उनीको भनाइ छ । अर्कोतर्फ दामनपालुङक्षेत्र तरकारी उत्पादनमा देशकै प्रमुख स्रोतको रुपमा स्थापित हुँदै आएको छ ।

दैनिक झन्डै ५० मेट्रिकटन तरकारी उत्पादन हुने यस क्षेत्रबाट काठमाडौं, हेटौंडा, ललितपुर, भक्तपुरलगायत सहरमा नियमित रुपमा तरकारी आपूर्ति गरिँदै आएको छ । बेमौसमी तरकारी निर्यात र पर्यापर्यटनलाई ब्यवस्थित गर्न सकेको खण्डमा थाहानगरको आन्तरिक आयमा निकै राहत हुनेवाला छ ।

# ज्योति सामुदायिक वनको कार्यालयभवन उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ ज्योति सामुदायिक वन उपभोक्ता समूह हेटौंडा-१८ गुम्बाडाँडाको नवनिर्मित कार्यालय भवनको उद्घाटन गरिएको छ । शुक्रबार आयोजित कार्यक्रममा प्रुमखअतिथि एवम् डिभिजन वन कार्यालय मकवानपुरका डिभिजनप्रमुख राकेशप्रसाद चन्द्रवंशीले नवनिर्मित भवनको उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुखअतिथि चन्द्रवंशीले छोटो समयमा लागत इष्टमेटभन्दा २० प्रतिशत कममा गुणस्तरीय सामान प्रयोग गरेर भवन निर्माणकार्य सम्पन्न गरेकोमा समूहलाई बधाई दिए । उनले सामुदायिक वनले आर्जन गरेको आम्दानीले वनविकास र वनसंरक्षणको कार्यक्रममा खर्च गरेर बाँकी रहेको रकम स्थानीय तहसँग सहकार्य गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा सीप विकास कार्यक्रममा खर्च गरिनुपर्ने बताए । हाइटेन्सन तारमूनिका खाली जग्गामा आयआर्जन तथा उत्पादन मूलक खेती गर्ने योजना बनाए वन कार्यालयबाट सहयोग गर्ने डिभिजन प्रमुख चन्द्रवंशीको भनाई छ ।

आफ्नो १५ महिने कार्यकालभित्र केही सामुदायिक वनले रकम हिनामिना गरेवापत ६२ लाख रुपैयाँ असुर उपर गरेको जानकारी दिदैं उनले वन कार्यालयको सल्लाह सुझावबमोजिम नै ज्योति वनले विभिन्न कार्यक्रम गरिरहेको बताए । कार्यक्रममा विशिष्टअतिथि सामुदायिक वन उपभोक्ता महासंघ, हेटौंडाका अध्यक्ष शुम्भुप्रसाद न्यौपानेले ज्योति वनको नयाँ भवन निर्माण भएकोमा सवैलाई बधाई दिए । उनले हरेक सामुदायिक वनले उपभोक्तालाई सहज हुने किसिमले आम्दानीका अन्य स्रोत खोतल्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा ज्योति सामुदायिक वन समूह गठन हुनुपूर्व वनसंरक्षण समितिका संस्थापक अध्यक्ष शिवबहादुर रिजाल र समूह गठन भएपछिको पहिलो अध्यक्ष स्वर्गीय भीमलाल श्रेष्ठ पत्नि भगवती श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सामुदायिक वन क्षेत्रभित्रका न्यून आर्थिक अवस्थाका ११ जना उपभोक्तालाई खाद्यान्न वितरण गरिएको थियो । कार्यक्रमका सभाध्यक्ष एवम् समूहका अध्यक्ष र मबाबु खतिवडाले करिब ६८ लाख रुपैयाँको लागतमा भवन निर्माण सम्पन्न गरेको जानकारी दिए । उनले अन्य सामुदायिक वन समूहले आयआर्जनका विभिन्न क्षेत्र अंगाले जस्तै ज्योतिले पनि व्यावसायिक सटर र सभाहलसहितको भवनबाट आम्दानी लिने उद्देश्य राखिएको बताए ।

कार्यक्रममा नेकपा एमाले १८ नं. वडाका उपाध्यक्ष विश्वनाथ ढुंगाना, समूहका सल्लाहकार एवम् वंशगोपाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अरुणकुमार खतिवडा, गोरक्षनाथ सामुदायिक वन समूहका अध्यक्ष रोशन थापा, टोल विकास संस्था समन्वय समिति हर्नामाडीका अध्यक्ष विमला विसुङ्खे, ठूलोदमार टोल विकास संस्थाका अध्यक्ष कुमार महत, कालिलेक सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष सीता दाहाल, रामधुनीकाली सामुदायिक वनका अध्यक्ष अमृत लामा, समूहको पूर्वअध्यक्षका तर्फबाट मंगलसिं लामा, लेखा समितिबाट बालकुमार श्रेष्ठ र उपभोक्ताको तर्फबाट बरुण खतिवडाले मन्तव्य राखेका थिए ।

समूहका उपाध्यक्ष एवम् सानाकिसान कृषि सहकारी हर्नामाडी शाखाअध्यक्ष रेखा खतिवडा, वडासदस्य पूजा मंग्राती, समूहका पूर्वअध्यक्ष प्रेम बराल, सल्लाहकार एवम् हर्नामाडी कला प्रतिष्ठान अध्यक्ष हर्क रम्तेल, हर्नामाडी सव डिभजिनका रेञ्जर जमुना तिमल्सिना, अशोक सामुदायिक वनका अध्यक्ष रमेश राई, ठूलोदमार प्रहरीचौकी ईन्चार्ज रीमा कोइराला, रामधुनी टोलविकास संस्थाका अध्यक्ष रमेश सिलवाल, सल्लाघारी टोल विकास संस्थाका अध्यक्ष कृष्णबहादुर सिलवाल, वैदिक वानप्रस्थ आश्रम व्यवस्थापन समिति उपाध्यक्ष केशवराज पण्डित, हर्नामाडी स्वास्थ्यचौकीका प्रमुख पार्वती पौडेल, पशुसेवा कार्यालयका भीमसेन खड्का, समूहका सल्लाहकार रामशरण बानियाँ, विभिन्न संघसंस्थाका प्रतिनिधि लगायत उपभोक्ता सदस्यको सहभागिता रहेको थियो ।

## कांग्रेस बागमती प्रदेशको मुख्यसचेतकमा काभ्रेका वादे नियुक्त

# सदस्य सचिवको जिम्मेवारी ललितपुरका महर्जनलाई प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको मुख्यसचेतकमा कञ्चनचन्द्र बादे नियुक्त भएका छन् । मुख्यमन्त्री एवम् संसदीय दलको नेता ईन्द्रबहादुर बानियाँले बादेलाई मुख्यसचेतकमा नियुक्त गरेका हुन् ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको विधानको दफा ११ को उपदफा १ बमोजिम सांसद बादेलाई मुख्य सचेतकको जिम्मेवारी प्रदान गरिएको हो । साउन १४ गते संसदीय दलको नेताको चयनको लागि भएको निर्वाचनमा बानियाँ दलको नेता बनेपछि संसदीय दलको पुन:गठन बाँकी रहेको थियो । संसदीय दलको रिक्त रहेका मुख्य सचेतक पदमा मुख्यमन्त्री बानियाँले सांसद बादेलाई नियुक्त गरेका हुन् । बादे काभ्रेको निर्वाचन क्षेत्र नम्बर २ (ख)बाट निर्वाचित सांसद हुन् । उनी कांग्रेस बागमती प्रदेश समितिका महामन्त्री पनि हुन् ।

त्यसैगरी मुख्यमन्त्री बानियाँले संसदीय दलको विधानको दफा १० को उपदफा ८ बमोजिम संसदीय दलको सदस्यसचिवमा मीनकृष्ण महर्जनलाई नियुक्त गरेका छन् । प्रदेशको युवा तथा खेलकुद पूर्वमन्त्री समेत रहेका महर्जनलाई बानियाँले सदस्यसचिवको जिम्मेवारी प्रदान गरेका हुन् । महर्जन ललितपुर निर्वाचन क्षेत्र नम्बर १ (क) बाट





निर्वाचित सांसद हुन् । संसदीय दलमा यसअघि प्रमुखसचेतकमा धादिङका गोविन्द लम्साल र सचिवमा सिधुपाल्चोकका कृष्ण तामाङ थिए । तामाङ मुख्यमन्त्री बानियाँ नेतृत्वको मन्त्रिपरिषदमा खानेपानी, उर्जा तथा सिचाईं मन्त्री भएका छन् ।

यसअधिका प्रमुखसचेतक लम्साललाई भने निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामाले गत १४ साउनमा आन्तरिक मामिला तथा कानुनमन्त्री नियुक्त गरेका थिए । तर, लम्सालले सपथ लिएन पाएनन् भने बहादुरले साउन १४ गते दलको नेता चयनका लागि भएको निर्वाचनमा बानियाँसँग पराजित भएपछि साउन १८ गते साँझ पदबाट राजीनामा दिएका थिए । कांग्रेस बागमतीको विधानमा दलको नेता नै मुख्यमन्त्री हुने व्यवस्था छ । साउन ९ गते दलको नेता बहादुर विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको थियो । साउन १३ गते प्रस्तावमाथि मतविभाजन हुँदा बहुमत दलका सदस्यले प्रस्तावको पक्षमा मत दिएपछि बहादुरले दलको नेताको हैसियत गुमाएका थिए ।

# लागूऔषधसहित ४ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ मकवानपुर प्रहरीले लागूऔषध ओनरेक्स र खैरोहेरोइनसहित ४ जनालाई पक्राउ गरेको छ । शुक्रबार दिउँसो १२ बजेको समयमा लागूऔषध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी टोलीले खटिएको थियो ।

प्रहरीले हेटौंडा-१० सीमाचोकस्थित फेमस तास हाउस होटल अगाडिको पार्किङ गरिराखेको ना २३ प ६८३७ नम्बरको मोटर साइकलमा बसिरहेका हेटौंडा-११ नवलपुरका ३० वर्षीय विशाल पौडेल र हेटौंडा-१२ पदमपोखरीका २९ वर्षीय पाल्डुव लामाको साथबाट लागूऔषध ओनरेक्स बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले उनीहरुको साथबाट लागूऔषध ओनरेक्स एकसय एमएलको १५ बोतल फेला पारेको थियो । लागूऔषध र मोटरसाइकल सहित दुबै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । लागूऔषध खैरोहेरोइन सहित मकवानपुर प्रहरीले २ जनालाई पक्राउ गरेको छ । लागूऔषध कारोबार भइरहेको विशेष सूचनाको आधारमा प्रहरीटोलीले हेटौंडा-४, कमलडाँडाबाट ६ ग्राम ७२० मिलिग्राम लागूऔषध खैरो हेरोइनसहित उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिका-१ घर भई हेटौंडा-४, कमलडाँडामा डेरा गरी बस्ने २४ वर्षीय दिलबहादुर सार्की र हेटौंडा-१, चौकीटोलका २४ वर्षीय कुमार लो रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले मकवानपुर जिल्ला अदालतबाट अनुमति लिई दिलबहादुर र कुमारलाई हिरासतमा राखेर थप अनुसन्धान कारवाही अगाडि बढाएको जनाएको छ ।

# गाँजासहित २ जना बालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ मकवानपुर प्रहरीले ९ किलो २०० ग्राम गाँजासहित दुईजना बालकलाई नियन्त्रणमा लिएको छ ।

प्रहरीकाअनुसार साउन २३ गते दिउँसो करिब २ बजे प्रहरीचौकी रातोमाटेबाट खटिएको टोलीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित पूर्व-पश्चिम राजमार्गको चेकपोइन्टमा सवारी साधन चेकजाँच गर्ने क्रममा उनीहरुलाई पक्राउ गरेको हो । चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको ना ६ ख ९५३३ नम्बरको यात्रुबाहक बसमा सवाररहेका दुई बालकलाई शंका लागेपछि खानतलासी गर्दा उनीहरुको झोलाभित्र लुकाइछिपाइ राखिएको गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

बरामद गरिएको गाँजा ९ किलो २०० ग्राम रहेको प्रहरीले जनाएको छ । लागुऔषध बरामद गरी नाबालकलाई नियन्त्रणमा लिई लागुऔषध मुद्दामा म्याद अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।


## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०४/२३ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा.को

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- जित दोर्जे लामा र प्रेम दोर्जे बल लामा (छोरा)* *जग्गावाला-लङ्ग्ग दुर्जे लामा (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ को तपशिलको जग्गा हटिया आंकडा मौजे रैती नं. ६६ को रैती लङ्ग्ग दुर्जे लामाको नाममा साविक भोग लगत कायम रहेको र हाम्रो बुवा लङ्ग्ग दुर्जे लामा कै नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो बुवा लवाङ्ग्ग दोर्जे बलको मिति २०४५/०६/०८ मा मृत्यु भएको र निजको एक मात्र पत्नि माया बलको पनि २०७२/०९/०९ मा मृत्यु भईसकेकोले निजहरुको मृत्यु पश्चात हकखाने हकदारहरु २ छोराहरु जित दोर्जे लामा र प्रेम दोर्जे बल र ६ जना छोरीहरुको जायजन्म भएकोमा छोरीहरु विवाह भई पर घर गईसकेको र अब उपरान्त हक खाने हकदारहरु दुई छोराहरु जित दोर्जे लामा र प्रेम दोर्जे बल मात्र भएकोले उल्लेखित तपशिलका जग्गा साविकमा बुवा-आमाको मृत्यु पूर्व बुवा-आमाले नै र निजहरुको मृत्यु पश्चात हामी निवेदक छोराहरु जित दोर्जे लामा र प्रेम दोर्जे बलले नै हाल सम्म पनि निरन्तर रुपमा भोग चलन गरी हकभोग गर्दै आएकोले उल्लेखित तपशिलका जग्गा हामी निवेदकहरु जित दोर्जे लामा र प्रेम दोर्जे बलको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि साविकमा द.नं. ५३०३ मिति २०७०/०९/१६ मा माग दावी निवेदन पेश गरी हकदावी सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई मिसिल तामेलीमा राखिएको अवस्थामा पुन: बकैया गाउँपालिका ५ नम्बर वडा कार्यालयको च.नं. १२६६ मिति २०८२/०२/१४ को हकभोग समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, नागरिकता प्रमाणपत्र, साविक भोग लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं.१९८१४ मिति २०८२/०२/०५ मा तामेली जगाई कार्यन्वयन गरी पाउँ भनि मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | लङ्ग्ग दुर्जे लामा गा.पं. हटिया वडा नं.-८ बाबु-भिमान सिंह बाजे-भैरव सिंह | हटिया | ८ | १३७८ | १-१९-१३ | जित दोर्जे लामा र प्रेम दोर्जे बल लामा | जि.म. मौजा हटिया आँकडा को ६६ नं. रैति लङ्ग्ग दुर्जे लामा |

*ईति संवत २०८२ साल श्रावण महिनाको २३ गते रोज ६ शुभम्..................।*



इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

# हार्दिक श्रद्धाञ्जली

एवम्

# सादर अनुरोध



जन्म: २००२/०८/१६

स्व. त्रिपुरालक्ष्मी नेपाल

देहावसान: २०८२/०४/१३

हाम्री ममतामयी माता **त्रिपुरालक्ष्मी नेपाल**को ८० वर्षको उमेरमा दु:खद निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
यस दु:खद घडीमा अन्त्येष्ठीमा सहभागी हुनुहुने, निवासमा पाल्नुहुने, विभिन्न माध्यमबाट समवेदना, सद्भाव प्रकट गर्नु भई सर-सहयोग गर्नुहुने इष्टमित्र, बन्धुबान्धव, संघ संस्था, निकाय, राजनैतिक दलका मित्रहरू लगायत सबैप्रति हामी आभारी छौं ।

**आमा देहावसान हुनु भएको १३ औं पुण्यतिथिका दिन उपस्थित हुनु भई शुद्धशान्तिको पितृप्रसाद ग्रहण गरिदिनुहुन सादर अनुरोध गर्दछौं ।**

**कार्यक्रम**
मिति : २०८२ श्रावण २५ गते आइतबार
समय : दिनको १:०० बजेदेखि
स्थान : आनन्दटोल, हेटौंडा – १०, आफ्नै निवास

**छोराबुहारीहरू**
इन्द्रप्रसाद नेपाल/रमाकुमारी आचार्य
विष्णुप्रसाद नेपाल/पार्वती आचार्य
**छोरीज्वाईंहरू**
दुर्गादेवी दास/कमलनारायण दास
सृजना रेग्मी/प्रदीप रेग्मी
एवम् समस्त नेपाल परिवार


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना